Together We Can Achieve

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स
Nepal Association of Tour & Travel Agents
Goma Ganesh, Gairidhara, Naxal Kathmandu
Tel: 977-1-4519409
4518661, 4519616
E-mail: admin@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np
Reg No.: 071-27/11/2022
SWC Affiliation No.: 25285

# छैठौं नाट्टा कार्यसमिति बैठक

नाट्टा नं. ०१५१-०८३/८४

मितिः २०८३ असोज २९ गते

आज मिति २०८३ साल असोज महिनाको २८ गते तदनुसार अक्टोबर १४ तारिख २०२६, बुधबारका दिन दिउँसो ०१:०० बजे नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (NATTA) को छैठौं कार्यसमिति बैठक संघका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायबमोजिम पदाधिकारीज्यूहरु एवं कार्यसमिति सदस्यज्यूहरूको उपस्थितिमा संघको सचिवालय, गोमा गणेश, गैरीधारा, नक्सालमा बसी तपशिल अनुसारका छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री भरत जाङ्ग पाण्डे | अध्यक्ष |
| २. | श्री सुनिल शर्मा | वरिष्ठ उपाध्यक्ष |
| ३. | श्री सबिता के.सी. भट्टराई | उपाध्यक्ष |
| ४. | श्री राज कुमार देवकोटा | महासचिव |
| ५. | श्री रमेश पराजुली | सचिव |
| ६. | श्री दीकी शेर्पा | कोषाध्यक्ष |
| ७. | श्री जीवन कोइराला | सह-कोषाध्यक्ष |
| ८. | श्री प्रकाश लोहनी | कार्यसमिति सदस्य |
| ९. | श्री नविन गुरुङ | कार्यसमिति सदस्य |
| १०. | श्री दिनेश मैनाली | कार्यसमिति सदस्य |
| ११. | श्री सुमन लाल श्रेष्ठ | कार्यसमिति सदस्य |
| १२. | श्री स्वस्तिका प्रधान | कार्यसमिति सदस्य |
| १३. | श्री विभाष पौडेल | कार्यसमिति सदस्य |
| १४. | श्री मोबिन उदास | कार्यसमिति सदस्य |
| १५. | श्री ईश्वर प्रसाद उपाध्याय | कार्यसमिति सदस्य |

**छैठौं नाट्टा कार्यसमिति बैठकका एजेन्डाहरू/Agendas of Sixth NATTA Executive Board Meeting**

१. नेपालीहरुको महान पर्वहरुका अवसरमा शुभकामना आदान प्रदान सम्बन्धमा / Exchange of Festival Greetings.
२. विविध विषयवस्तुको छलफल सम्बन्धमा / Miscellaneous.

**छलफल तथा निर्णयहरु**

बैठकको सुरुवात गर्नुहुँदै नाट्टाका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूले समसामायिक विषयवस्तुहरुको छलफल पश्चात महासचिव श्री राजकुमार देवकोटाज्यूलाई आजको बैठकका विषयवस्तुहरूको जानकारी सहित अगाडि बढाउन अनुरोध गर्नुभयो र महासचिवज्यूले बैठकका तपशिल एजेन्डाहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गर्नुभयो ।

UFTAA
International Mountain Tourism Alliance
TOURISM COUNCIL OF THAILAND
nepal
FNCCI
NEPAL CHAMBER
BITM Buddhist International Travel Mart
Explore the Buddhaland Nepal

**एजेन्डा नं. १: नेपालीहरुको महान पर्वहरुका अवसरमा शुभकामना आदान प्रदान सम्बन्धमा ।**

नेपालीहरूको महान् चाड बडादशैं लगायतका तिहार (दिपावली, भाइटिका), नेपाल सम्बत र छठ पर्व हाम्रो घरआँगनमा भित्रिसकेको पावन अवसरमा, अध्यक्षज्यूले सम्पूर्ण नाट्टा परिवार, कार्यसमिति, नाट्टा सदस्यहरु, सचिवालय, प्रदेश तथा च्याप्टरहरूलगायत सम्पूर्ण सदस्य महानुभावहरू, सरोकारवाला निकाय एवं संघसंस्थाहरू, शुभचिन्तक, समस्त हिन्दू धर्मावलम्बीहरू तथा स्वदेश एवं विदेशमा रहनुभएका सम्पूर्ण नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि र अमनचैनको हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

हाम्रा यी महान् पर्वहरुले देशले हाल भोगिरहेका विभिन्न कठिन परिस्थितिहरूबाट चाँडै मुक्ति दिलाओस्, एउटा सबल, दिगो र दूरगामी लक्ष्य बोकेको विकसित मुलुकका रूपमा अगाडि बढ्ने गोरेटो तय गरोस् र राष्ट्रिय लक्ष्य प्राप्तिको स्पष्ट बाटो पहिचान गर्न सबैलाई थप ऊर्जा तथा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दै; नाट्टा कार्यसमिति तथा सम्पूर्ण नाट्टा परिवारको तर्फबाट शुभकामना प्रस्ताव पारित गर्दै सोही अनुसार शुभकामना सन्देश सम्प्रेषण गर्ने निर्णय समेत गरियो ।

**एजेन्डा नं. २: विविध विषयवस्तुको छलफल सम्बन्धमा ।**

**क. थाइल्यान्डको भिसा प्रक्रियामा देखिएका समस्याहरु र प्रेस विज्ञप्ति अनुमोदन ।**

थाइल्यान्डको पर्यटक भिसा प्रक्रियामा देखा परेका विविध समस्याहरूको ध्यानाकर्षण गराउँदै नाट्टाको तर्फबाट मिति २०८३ असोज २६ गते (तदनुसार १२ अक्टोबर, २०२६) का दिन जारी गरिएको प्रेस विज्ञप्तिलाई यस बैठकले सर्वसम्मत रूपमा अनुमोदन गर्ने निर्णय गरेको छ ।

थाइल्यान्डको विद्यमान पर्यटक भिसा प्रक्रियामा देखिएका विविध प्रावधानहरू, भिसा अस्वीकृती, निर्णयमा हुने अत्यधिक ढिलाइ र त्यसबाट नेपाली यात्रु तथा ट्राभल एजेन्सीहरूले व्यहोर्नुपरेको आर्थिक तथा व्यवहारिक समस्याहरुमा नाट्टा कार्यसमितिको आजको बैठकमा गम्भीर समीक्षा गरियो । यसै सन्दर्भमा,समस्याको निकासका लागि रोयल थाई एम्बेसीका महामहिम राजदूतज्यूसँग आज नै भेटघाट तथा छलफलका लागि समय प्राप्त भएको जानकारी सहित उक्त बैठकमा नाट्टाको तर्फबाट देहायबमोजिमका विषयहरूमा दृढतापूर्वक कुरा उठाइने निर्णय गरियो:

- थाइल्यान्डको भिसा प्रक्रियामा देखिएका सम्पूर्ण जटिलताहरू र नेपाली यात्रुहरूले भोगिरहेका आर्थिक जोखिमबारे महामहिम राजदूतज्यू समक्ष स्पष्ट रूपमा गम्भीर ध्यानाकर्षण गराउने ।
- भिसाको निर्णयमा पारदर्शी समयसीमा कायम गर्न, अन्तर्राष्ट्रिय होटल बुकिङ स्वीकार गर्न र अग्रिम भुक्तानीका हवाई टिकट तथा होटल व्यवस्थापनको बाध्यकारी व्यवस्था सरलीकरण गर्न अनुरोध गर्ने ।

साथै, रोयल थाई एम्बेसीसँगको बैठकका परिणाम, प्रगति र प्रतिक्रियाका आधारमा द्विदेशीय हित, कुटनैतिक सम्बन्ध, नेपाली पर्यटन व्यवसायीहरूको हित, लगानी र उपभोक्ताको संरक्षणका लागि नाट्टाले आवश्यक सम्वाद एवं सम्बद्ध निकायहरुमा ध्यानाकर्षण गराउने निर्णय गरियो ।

NATTA 1966 Together We Can Achieve

Goma Ganesh, Gairidhara, Naxal Kathmandu
Tel: 977-1-4519409, 4518661, 4519616
E-mail: admin@natta.org.np, info@natta.org.np
Website: www.natta.org.np
Reg No.: 071-27/11/2022
SWC Affiliation No.: 25285

**ख. बुद्धिस्ट पर्यटन प्रवर्द्धनका लागि विशेषज्ञ सल्लाहकार नियुक्तिः**

बुद्धिस्ट पर्यटन प्रवर्धनका सम्बन्धमा बैठकमा वरिष्ठ उपाध्यक्ष श्री सुनील शर्माज्यूले प्रस्ताव गर्नुभएको, बौद्ध धर्म र क्षेत्रमा सक्रिय विशेषज्ञता हासिल गर्नुभएका दुई विशिष्ट व्यक्तित्वहरू– कुपण्डोल, ललितपुर निवासी श्री मुकुन्द विष्ट र बागडोल, ललितपुर निवासी डा. विवेक प्रसाद शर्माज्यूलाई नाट्टाका लागी स्वयंसेवकीय तबरमा बुद्धिस्ट पर्यटन प्रवर्द्धन प्रयोजनमा आवश्यक विशेषज्ञता र सल्लाह-सुझावहरु प्रदान गर्नहुन विज्ञ सल्लाहकारका रूपमा नियुक्त गर्नुका साथै, उहाँहरूलाई सोही बमोजिमको मनोनयन पत्र समेत प्रदान गर्ने निर्णय गरियो ।

**ग. IMTA सम्मेलनमा नाटाको सहभागिताः**

International Mountain Tourism Alliance (IMTA) को आगामी २०२६, नोवेम्बर ८ देखि ११ सम्म छिमेकी राष्ट्र चीनमा आयोजना हुन गईरहेको सम्मेलनमा नाट्टाको तर्फबाट आधिकारिक प्रतिनिधित्वका लागि महासचिव श्री राजकुमार देवकोटाज्यू र सह-कोषाध्यक्ष श्री जीवन कोइरालाज्यूले सहभागिता जनाउने निर्णर्य सर्वसम्मत रूपमा पारित गरियो ।

**घ. बजेट एयरलाइन्स** Tax Refund **सम्बन्धमा**

एयर अरेबियाको Tax Refund सम्बन्धमा हालको व्यवस्थामा परिवर्तन गरी जुन Id् बाट टिकट जारी गरिएको हो, सोही Id् मा Tax Refund गर्ने व्यवस्था मिलाउन सम्बन्धित एयरलाइन्सलाई पत्राचार गर्ने निर्णय गरियो ।

**ङ अन्य विविध जानकारीहरूः**

अघिल्लो बैठक पश्चात नाट्टाका महासचिव लगायत अन्य पदाधिकारीज्यूहरूले नेपाल राष्ट्र बैंकमा गई विदेशी मुद्रा विनिमयको सहजीकरणका सम्बन्धमा गर्नुभएको छलफल अत्यन्त सकारात्मक रहेको व्यहोरा बैठकमा जानकारी गराइयो । यसैगरी, टुरिस्ट बस एशोसिएशन नेपाल (TBAN) को १५औं साधारण सभामा सहभागिता जनाइएको र टिबानको नवनिर्वाचित कार्यसमितिलाई नाट्टाको सचिवालयमा आमन्त्रण गरी परिचयात्मक एवं शुभकामना तथा बधाई कार्यक्रम आयोजना गरिएको विषय पनि बैठकमा अवगत गराइयो ।

अन्य विविध समसामयिक विषयहरूमाथि संक्षिप्त छलफल पश्चात्, बाँकी विषयहरूलाई आवश्यकता अनुसार आगामी कार्यसमिति बैठकका नियमित एजेन्डामा समावेश गर्ने गरी विस्तृत छलफल गरिने जानकारी सहित बैठकका अध्यक्ष श्री भरत जङ्ग पाण्डेज्यूले उपस्थित सम्पूर्ण पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूलाई उहाँहरूको सक्रिय सहभागिता र रचनात्मक सुझावहरूका लागि हार्दिक धन्यवाद ज्ञापन गर्नु हुदै पुनः समस्त नाट्टा परिवार एवं नेपाली जनमा वडा दशैंको शुभकामना सहित आजको बैठक औपचारिक रूपमा समापन भएको घोषणा गर्नुभयो ।

NATTA 1966 Together We Can Achieve